# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, श्रावण १४ गते २०३० साल [ अतिरिक्ताङ्क २५ (क)


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३० सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


220

## त्रिभुवन विश्वविद्यालय ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) ऐन, २०३०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा २ मा संशोधन:– मूल एनको दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ:–

"(ग) "शिक्षक" भन्नाले विश्वविद्यालयका इन्स्टीच्यूटहरुमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान कार्यमा निर्देशन गर्ने प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, सहायक प्राध्यापक समेत सम्झनुपर्छ र सो शब्दले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा "शिक्षक" भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ।"

३. मूल ऐनको दफा ६ मा संशोधन:– मूल ऐनको दफा ६ को खण्ड (च) र (छ) को सट्टा देहायको खण्ड (च) र (छ) राखिएको छ:–

"(च) स्नातकोत्तर उपाधि, स्नातक उपाधि र प्रमाणपत्र स्थापना गरी प्रदान गर्नु।

(छ) सम्मानार्थ उपाधि वा अन्य शैक्षिक उपाधि प्रदान गर्नु।"

४. मूल ऐनको दफा ८ मा संशोधन:– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ:–

"८. धर्म, जाति, जात, वर्ण, लिङ्ग वा मतको आधारमा भेदभाव नगरिने: - धर्म, जाति, जात, वर्ण, लिङ्ग वा कुनै मतको आधारमा कुनै व्यक्तिलाई विश्वविद्यालयको कुनै पद वा कुनै स्नातकोत्तर उपाधि, स्नातक उपाधि, प्रमाणपत्र वा अन्य शैक्षिक उपाधि हासिल गर्न वा अध्ययन गर्न वा सुविधा पाउनबाट वञ्चित गरिने छैन।"

५. मूल ऐनको दफा २१ मा संशोधन:– मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएकोछ:–

"२१ राष्ट्रिय विकास सेवा:– उच्च शिक्षामा अध्ययन गर्ने सबै विद्यार्थीहरुलाई कम्तीमा एक वर्ष तोकिएबमोजिम राष्ट्रिय विकास सेवामा काममा लगाएपछि विश्वविद्यालयले स्नातकोत्तर उपाधि वा स्नातक उपाधि प्रदान गर्नेछ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ३१ मा संशोधनः– मूल ऐनको दफा ३१ को उप-दफा (२) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः–

"(च) छात्रहरुको प्रवेश, स्नातकोत्तर उपाधि, स्नातक ज्याधि, प्रमाणपत्र वा अन्य शैक्षिक उपाधिको लागि पाठ्यक्रम, शिक्षण स्तर र परीक्षा प्रणाली।"

७. रूपान्तरः– (१) मूल ऐनको दफा ४ को खण्ड (ञ), दफा ६ को खण्ड (घ), (ङ) र (द), दफा १६ को उप–दफा (१), दफा २७, दफा ३१ को उप–दफा (२) को खण्ड (ङ), (ज) र (झ) मा रहेको "प्राध्यापक" भन्ने शब्दको सट्टा "शिक्षक" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

(२) यो ऐन प्रारम्भ हुंदा विश्वविद्यालय सेवामा रहेका प्रोफेसर, रीडर, लेक्चरर र असिष्टेण्ट लेक्चररलाई क्रमशः प्राध्यापक, सह–प्राध्यापक, उप–प्राध्यापक र सहायक प्राध्यापक नामकरण गरी रूपान्तर गरिएको छ।

८. त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) अध्यादेश, २०३० निष्क्रिय भएपछि त्यसको परिणामः– त्रिभुवन विश्वविद्यालय (पहिलो संशोधन) अध्यादेश, २०३० निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियतालेः–

(क) निष्क्रिय हुंदाको वखत कायम नरहेको कुनै कुरालाई जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै कामलाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन र

(घ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य र दायित्वका सम्बन्धमा भएको कुनै कानूनी कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, जारी राख्न वा लागू गर्न सकिनेछ।

लालमोहर सदर मितिः– २०३०।४।१४।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।